नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
विकास सहायता समन्वय शाखा
फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः- ०८१/०८२
चलानी नं.:- ४०५

मितिः- २०८२/२/२८
नेपाल सम्वत् ११४५ तछलाथ्व पूर्णिमा, बुधबार।

**विषयः- वैदेशिक भ्रमणको विवरण उपलब्ध गराइदिने सम्बन्धमा।**

**श्री महानगरपालिका, सबै।**
**श्री उप-महानगरपालिका, सबै।**
**श्री नगरपालिका, सबै।**
**श्री गाउँपालिका, सबै।**
**श्री जिल्ला समन्वय समिति, सबै।**

स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरूको भ्रमणलाई उपलब्धिमूलक, व्यवस्थित र पारदर्शी बनाउने उद्देश्यले नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७५ असोज ५ मा स्वीकृत भई यस मन्त्रालयको मिति २०७५ असोज १४ गतेको पत्रमार्फत प्रेषित स्थानीय तहका पदाधिकारीहरूको विदेश भ्रमणसम्बन्धी निर्देशिका, २०७५ तथा स्थानीय तहका कर्मचारीको विदेश भ्रमणसम्बन्धी निर्देशिका, २०७५ सम्बन्धमा अवगतै छ। उल्लिखित निर्देशिकाहरूमा स्थानीय तहका पदाधिकारी तथा कर्मचारीको विदेश भ्रमण मनोनयनका आधार, मनोनयन गर्ने अधिकारलगायतका विषयमा स्पष्टरूपमा उल्लेख गरिएको छ। यसै सन्दर्भमा, स्थानीय तहको दोस्रो निर्वाचन भई पदाधिकारीहरूले पदभार सम्हालेको मितिदेखि हालसम्म त्यहाँका पदाधिकारी तथा कर्मचारीहरूको विदेश भ्रमणको विवरण तपसिलबमोजिमको ढाँचामा १० (दश) दिनभित्र dccs@mofaga.gov.np मा उपलब्ध गराइदिनु हुन मिति २०८२/२/२८ को निर्णय (सचिवस्तरीय) अनुसार अनुरोध छ।

तपसिलः

| क्र.सं. | भ्रमण गरेको देश तथा सहरको नाम | भ्रमणको अवधि | भ्रमणको विषय/उद्देश्य | आयोजक/ निमन्त्रणा गर्ने निकाय | मनोनयन भएको मिति तथा मनोनयन स्वीकृत गर्ने पदाधिकारी तथा निकाय | भ्रमणको खर्च व्यहोर्ने स्रोत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

(संजय अधिकारी)
शाखा अधिकृत

बोधार्थः-
**श्री सूचना तथा प्रविधि शाखा,**
**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः** :- वेबसाइटमा पत्र अपलोड गरिदिने व्यवस्थाको लागि।